# पाकिस्तानी झण्डा फहराएको भन्दै सलमानविरुद्ध प्रहरीमा उजुरी



लाग्छ विवाद र सलमान खान एक-अर्काबिना रहन सक्दैनन् ।
बलिउडका यी चर्चित अभिनेता आफ्नो नयाँ फिल्म 'भारत' को सुटिङका क्रममा नयाँ विवादमा फसेका छन् । यसपटकको मामला राष्ट्रियतासँग जोडिएको छ ।
भारतका मुस्लिम कलाकारहरुको राष्ट्रियताप्रति प्रतिबद्धतामा बारम्बार आशंका गरिन्छ । सलमान पनि सायद यस्तै आशंकाको शिकार भएका हुन् । नत्र यो घटनामा उनको खासै गल्ति देखिदैन ।
केही दिनअघि सलमान 'भारत' को सुटिङका लागि बागा बोर्डर पुगेका थिए । फिल्ममा भारत-पाकिस्तान सिमाक्षेत्र देखाउनुपर्ने थियो । तर, सुरक्षा संवेदनशीलताको कारण देखाउदै बोर्डरमा उनीहरुलाई सुटिङ गर्न दिइएन । त्यसपछि उनीहरु भारतीय क्षेत्रमा नै बोर्डरको जस्तो सेट लगाएर सुटिङ गर्ने निस्कर्षमा पुगे ।
सिमा क्षेत्रमा रहेको एउटा गाउँ नजिक स्थानीयवासीको जग्गा लिएर सेट खडा गरियो । विवाद तब उब्जियो, जब सेटमा भारत र पाकिस्तानको झण्डा राख्न खोजियो । बोर्डर झल्काउन दुवै देशको झण्डा राख्नुपर्ने वाध्यता थियो । तर, पाकिस्तानको झण्डा राख्न खोज्दा स्थानीयवासीले अवरोध गरे । उनीहरुले भारतीय भूमिमा पाकिस्तानी झण्डा फहराउन नपाइने अडान लिए । विवाद बढ्दै गयो ।
यही बीचमा केही टाठाबाठाले प्रहरीमा सलमाविरुद्ध उजुरी गरेका छन् ।
केहीले भने सलमान बसेको होटल घेराउ गर्न पुगेका थिए । तर, सो दृष्य खिचेरै छाडियो । सुटिङ सकेर सलमान मुम्बई फर्किएका छन् । तर, आफ्नो थाप्लोमा अर्को पुलिस केस बोकेर । यो केसले उनलाई कति सताउने छ हेर्दै जाउँ । (साभार : अनलाईनखबर)

# एक करोड बढिको लागतमा तीन तले आधुनिक पूल

**ज्ञानु पंगेनी**
कावासोती । नवलपरासी पूर्वको मध्यविन्दु नगरपालिकाको वडा नम्बर दुई सेहरी र वडा नम्बर ६ भडरा जोड्ने उल्टी खोलामा तीन तले आधुनिक डिजाईनको पूल निर्माण गरिएको छ । अमृत एल्लो ब्रीज (अपाङ्गमैत्री पुल) नाम दिएको यस पुल यहाका स्थानीय समाजसेवी लक्ष्मी ज्ञवालीले एक करोड ५ लाख, ५ हजार ५५ रुपैयाको लागतमा निर्माण गरेका हुन । पुलको ८२ प्रतिशत काम सम्पन्न भएको छ । पुल तीन तले छ । पहिलो तलामा ठूला सवारी, दोश्रो तलामा साईकल मोटरसाईकल, रिक्सा र पैदलयात्री हिड्न मिल्ने गरि निर्माण गरिएको छ । भने तेश्रो तलामा आपतकाली अवस्थामा बस्न मिल्ने र अवलोकन गर्न मिल्ने गरेर पूल निर्माण गरिएको छ ।
पुलको दुवै छेउबाट अपाङ्गता भएकाहरुलाई वारपार गर्न मिल्ने गरि संरचना बनाईएको छ । पुलको माथिल्लो तलामा छानो समेत छाईएको छ ।
निर्माणकर्ता ज्ञवालीका अनुसार माथिल्लो तलामा ट्वाईलेट बाथरुम पनि बनाईने छ र खानेपानीको पनि व्यवस्था हुनेछ । यदि केहि आपतकालीन अवस्था आईपरेमा पुलको माथिल्लो तलमा बस्न समेत मिल्ने छ भने आसपासमा गाईवस्तु चराउने तथा आवतजावत गर्ने बटुवाहरुका लागि पनि थकाई मेट्ने ठाउ, पानी पिउन र दिशा पिसाब लागेमा पनि ट्वाईलेटको प्रयोग गर्न सकिने छ ।
९० फुट लम्बाई र २८ फुट उचाईको यस पुल निर्माण अबको १५ दिनमा सम्पन्न हुने निर्माणकर्ता ज्ञवालीले जानकारी दिए । पुलमा पहेलो रङ्ग लगाईएको छ । यस क्षेत्रमा वर्षैपिच्छे वर्षाको समयमा खोलाले बगाएर मानिषले ज्यान गुमाउनु परिरहेको, गाईवस्तु समेत बग्ने, दलदलमा फस्ने गर्दा धनजनको क्षती हुदै आएकोले त्यसलाई रोक्ने उदेश्यले आफुले पुल निर्माण गरेको ज्ञवालीले बताए ।
पुलको डिजाईन समेत आफैले गरेको ज्ञवालीको भनाई छ । समाजमा केहि नया काम गर्नुपर्छ भन्ने मान्यता बोकेको मान्छे भएकाले नया डिजाईनको पुल निर्माण गरेको हु, सम्भवत: नेपालमा यस्तो किसिमको पुल बनेको छैन । उनले थपे- 'ईन्जिनियर नभए पनि मेरो रुचिको विषय भएकाले पुलको डिजाईन म आफैले कापिमा कोरेको हु र बनाउन पनि सफल भए ।' पुल निर्माण भएसंगै अहिले यहा पुल हेर्न आउनेको भिड लाग्न थालेको छ । नया डिजाईनको पुल भएकाले आसपासका गाउ बाहेक अन्यत्रबाट समेत मानिषहरु पुल हेर्न आउने गरेको स्थानीय दुर्गा प्रसाद भुर्तेलले बताए । पुल पर्यटकका लागि समेत आकर्षणको केन्द्र विन्दु बनेको भुर्तेलले बताए ।

# वन्यजन्तुको बासस्थान र आहाराका लागि घासेमैदान

**दयाराम आचार्य**
कावासोती । चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र अर्न्तगतको नमूना मध्यवर्ती सामुदायी वन उपभोक्ता समूहले वन्यजन्तुका लागि घासेमैदान ब्यवस्थापन गर्दैआएको छ । निकुञ्जमा रहेका वन्यजन्तु बासस्थान र आहाराको अभावमा बस्तीमा पस्ने क्रम रहेको छ । जसले गर्दा मध्यवर्ती आसपासका स्थानिय वन्यजन्तुको त्रासमा बस्नुपर्ने अवस्था रहेको छ । यसलाई व्यवस्थापन गर्नका लागि नमूना मध्यवर्ति सामुदायिक वनले प्रत्यक वर्ष घासेमैदानको व्यवस्थापन गर्दै आईरहेको छ । नमूना मध्यवर्ती सामुदायिक वन भित्र एक सय २५ हेक्टर क्षेत्रफलको घासेमैदान रहेको छ ।
वन्यजन्तु आहाराको खोजीमा वस्तीमा नआउनु, उपयुक्त बास स्थान निर्माण होस भनेरे सामुदायीक वनले घासेमैदानको व्यवस्थापन गर्दै आएको नमूना मध्यवर्ती सामुदायीक वनका सचिव द्रोपदी गुरौले जानकारी दिईन् ।
घासेमैदानका कारण गैंडा, मृग, हरिण लगाएतका वन्यजन्तुको आहाराका लागि सहजता पुगेको सचिव गुरौले जानकारी दिईन् । वन्यजन्तुको लागि वासस्थान र आहार दुवै हुने भएपछी वस्ति पस्ने क्रम पनि कमी हुने विश्वास लिईएको छ ।
घासेमैदान पर्यटकीय दृष्टिकोणले पनि निकै महत्वुर्ण हुदै आएको छ । घासेमैदानको निर्माण र व्यवस्थापन संगै यहां गैडा लगाएतका वन्यजन्तुको बासस्थान र चरन क्षेत्र वनेको छ । जसका कारण जिप सफारी, हात्ति सफारीमा आउने पर्यटक नमूना मध्यवर्ती सामुदायीक वन क्षेत्रमा फैलिएको घासेमैदान पुग्ने गरेका छन् ।
घासेमैदान संगै नमूना मध्यवर्ती सामुदायीक वनले सिमसार क्षेत्रको समेत व्यवस्थापन गर्दै आईरहेको छ । वन क्षेत्र भित्र ७५ हेक्टर क्षेत्रमा सिमासार रहेको छ । घासेमैदान सैगै सिमसार क्षेत्र समेत रहेकाले यस वन क्षेत्रमा प्रसस्त रुपमा गैंडा लगाएतका वन्यजन्तु रहेका छन् ।
फराकिलो हेर्दै मनमोहक फांट देखीने घासेमैदानमा सहजै रुपमा बिभिन्न वन्यजन्तु अवलोकन गर्न पाईने कारणले घासेमैदान जंगल सफारीमा आउने पर्यटकको पहिलो रोजाई वन्ने गरेको छ । वन्यजन्तुको संरक्षण र पर्यटकीय दृष्टिकोणले पनि घासेमैदान महत्वपूर्ण भएका कारण यसको व्यवस्थापनमा वन समूह लागि परेका छ ।
गएको वर्ष तीस हेक्टरमा क्षेत्रफलमा मिचाहा प्रकृतीको झार, विरुवाहरु व्यवस्थापन गरिएकोमा यस वर्ष पनि आउदो जनवरी पछी निकुञ्जको अनुमतीमा व्यवस्थापन गरिने सचिव गुरौले जानकारी दिईन् । उनका अनुसार मिचाहा प्रकृतिका झार र विरुवा नहटाएमा घासेमैदान मासिन सक्दछ ।
यसैले दाताहरुको सहयोगमा यस वर्ष जनवरी पछी व्यवस्थापनको योजना रहेको छ । घासेमैदान व्यवस्थापनका लागि कुनै श्रोत नजुटे उपभोक्ताहरुको सकृयतामा भए पनि व्यवस्थापन गरिने उनले बताईन् ।


ICT Computer institution प्रस्तुत गर्दछ ।
Computer Diploma मा 50% र अन्य Course मा विशेष छुट रहेको सहर्ष जानकारी गराईन्छ ।
Managing Director
Deepak Shahi
9847249560, 9804499223
☎078541071
E-mail:ictkawasoti@yahoo.com
Our Courses
Advance Basic computer, Computer Diploma, Accounting packing, Hardware and Networking, Mobile Training, English language, Banking Traning.

प्रो. बासु कोइराला
मो. ९८४७०९३४९१, ९८०६९४५७२६
समृद्धि ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर
नयाँ बेलहानी-८, अरूणखोला, न.प.

यहाँ दक्ष प्रशिक्षकद्वारा मोटरसाइकल, स्कुट, कार, जिप, भ्यान सिकाइनुका साथै ट्र्याक्टर, मिनिबस ट्रक, लहरीको लाइसेन्स निकाल्न सहयोग गरिन्छ ।
हामीकहाँ गाडी रिजर्भको पनि व्यवस्था छ ।

प्रो. मना कंडेल ९८६७८५२७७२
अर्जुन कंडेल ९८४६९६७११७ (Reception)
गोविन्द तिवारी ९८०३०९४७०७ (Marketing Manager)
वेलकम होटल एण्ड लज
FREE WiFi
देवचुली नगरपालिका – १५, प्रगतिनगर, नवलपरासी
फोन : ०७८–५७५२९७

विवाह, ब्रतवन्ध, सेमिनार, गोष्ठी साथै कुनै पनि जमघट कार्यक्रमको लागि पार्टीहलको व्यवस्था, स्पेशल नेपाली आइटम, इण्डीयन, चाइनिज आदी अर्डर अनुसार खाना तयार गरिनुका साथै होमडेलिभरीको पनि व्यवस्था छ । नारायणीको माछा, लोकल कुखुरा, हाँसको परिकारहरु पाईनुका साथै प्रयाप्त पार्किङ्कको सुविधा भएको ।

कावासोतीमा अव अन्तराष्ट्रिय स्तरको मन्टेश्वरी
अब हामी लिन्छौ तपाईका बाबुनानीको अध्यापनको जिम्मेवारी
खेल्दै पढ्दै, पढ्दै खेल्दै...........
-अडियो र भिडियोको माध्यम
-सुविधा सम्पन्न भवन
-मन्टेश्वरी विधीको पुरा प्रयोग
-अन्तराष्ट्रिय स्तरको खेलकुद सामग्री
-नियमित स्वास्थ्य तथा आँखा जाँच
-प्रयाप्त खेल मैदान
-आफ्नै सुविधा सम्पन्न भुकम्प
-प्रतिरोधात्मक भवन
-यातायातको व्यवस्था
-वातावरण अनुकुलका कक्षाहरु

- Practical Life Training
- Sensorial Learning
- English Language
- Mental Math
- Geography/ History/ Science
- Nature Study
- भाषा र संस्कृति
- नेपाली वर्णमाला
- Confidence building and
- Self motivation
फारम पाइने स्थानहरु :
- विद्यार्थी पुस्तक पसल, इन्द्रचोक
- मध्यविन्दु आँखा उपचार केन्द्र, थानाचोक
- मध्यविन्दु स्काइलाइन मन्टेश्वरी, इन्द्रेणी चोक



IMPULSE
INTERNATIONAL INSTITUTE P. LTD.
CHITWAN OFFICE
4TH FLOOR KRISHNA PLAZA
SAHID CHOWK, NARAYANGARH
PHONE: +977 056 523375

Study in Australia
Student को आश
Impulse को विश्वास
Weekly MOCK TEST
Discount Offer On
IELTS
PTE
TOEFL
SAT
GRE
GMAT
Discount offer valid till Jesth 2